स्थानीय सरकार
LOCAL GOVERNMENT
# लेटाङ नगरपालिका
LETANG MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
लेटाङ, मोरङ
LETANG,MORANG

कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL
Eamil:letangmunicipality@gmail.com

पत्र सं. (Ref No.) २०८३।८४
च.नं. (Des. No.): ६८६

मिति:२०८३।०६।२९

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरू,
लेटाङ नगरपालिका, मोरङ।

विषयः पालिका स्तरीय रनिङशिल्ड / राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा।

लेटाङ नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८३/०६/२८ को निर्णयअनुसार लेटाङ नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक र संस्थागत विद्यालयहरूको सहभागितामा मिति २०८३/०७/१७ गतेदेखि १९ गते सम्म लेटाङ नगरपालिका स्तरीय रनिङशिल्ड / राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८३ सञ्चालन हुने भएकोले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७० (संसोधन सहित) अनुसार यस शैक्षिक सत्र (२०८३) को चैत्र ३० गते सम्म १८ वर्ष नपुगेका (२०६५।१२।३० र सो पछि जन्म भएका) कक्षा १२ सम्म नियमित अध्ययनरत विद्यार्थीहरू सहभागी हुने गरी निर्देशिका अनुसार संलग्न फाराम भरी सहभागि हुने खेल अनुसारको Soft copy Excel Sheet समेत तयार गरी संलग्न वडागत कार्यतालिका अनुसार मिति २०८३/०७/१३ गते आइतबार ४ बजे भित्र नगरपालिकामा अनिवार्य दर्ता गर्नु हुन अनुरोध छ। रीत नपुगी वा तोकिएको समय पछि आवेदन गर्ने विद्यालयलाई खेल प्रतियोगितामा समावेश गर्न सकिने छैन।

१. खेलाडी दर्ता कार्यक्रम
दर्ता स्थलः लेटाङ नगरपालिकाको कार्यालय
वडागत दर्ता तालिकाः दर्ता मितिः २०८३/०७/१३ गते शुक्रवार

| | | |
|---|---|---|
| वडा नं. २, ३ र ४ | विहान १० देखि १२ बजे | २०८३/०७/१३ |
| वडा नं. १, ७ र ८ | दिउसो १२ देखि २ बजे | २०८३/०७/१३ |
| वडा नं. ५, ६ र ९ | बेलुका २ देखि ४ बजे | २०८३/०७/१३ |

२. खेलाडीको नामावलि प्रकाशनः २०८३/०७/१६ गते ११ बजे विहान

३. भलिवल खेलको टाइसिट निर्माण र प्रकाशनः २०८३/०७/१६ गते १२ बजे लेटाङ नगरपालिकाको सभाहल लेटाङ-३, मोरङ। आवेदक विद्यालयहरुका प्रतिनिधिहरुको सहभागितामा) तर तोकिएको समयमा प्रतिनिधि उपस्थित नभएको कारणले टाइसिट निर्माण र प्रकाशन कार्य रोकिने छैन।

४. प्रतियोगितामा समावेश हुने खेलहरू, विद्यालयले सहभागि गराउने खेलाडी संख्या र खेल स्थान

| क्र.सं. | खेल कार्यक्रम | समुह | संख्या | खेल मिति | समय | खेल स्थान |
|---|---|---|---|---|---|---|
| १ | भलिबल | छात्र र छात्रा | ९/९ | ०७।१७ | १२ बजे | शान्ति भगवति मा.वि. |
| २ | हाइजम्प | छात्र र छात्रा | १/१ | ०७।१७ | १२ बजे | शान्ति भगवति मा.वि. |
| ३ | सटफुट | छात्र र छात्रा | १/१ | ०७।१७ | १ बजे | शान्ति भगवति मा.वि. |
| ४ | ज्याभलिङ थ्रो | छात्र र छात्रा | १/१ | ०७।१७ | २ बजे | शान्ति भगवति मा.वि. |
| ५ | लङजम्प | छात्र र छात्रा | १/१ | ०७।१७ | ३ बजे | शान्ति भगवति मा.वि. |
| ६ | २०० मि. दौड | छात्र र छात्रा | १/१ | ०७।१८ | ७ बजे | शान्ति भगवति मा.वि. |
| ७ | ४०० मि. | छात्र र छात्रा | १/१ | ०७।१८ | ७ बजे | गंगेचोक |
| ८ | ८०० मि. दौड | छात्र र छात्रा | १/१ | ०७।१९ | ७ बजे | गंगेचोक |
| ९ | १५०० मि. दौड | छात्र र छात्रा | १/१ | ०७।१८ | ७ बजे | गंगेचोक |
| १० | ३००० मि. दौड | छात्र र छात्रा | १/१ | ०७।१९ | ७ बजे | गंगेचोक |
| ११ | कराते | छात्र | १/१ | ०७।१८ | ७ बजे | शान्ति भगवति मा.वि. |
| १२ | कराते | छात्रा | १/१ | ०७।१८ | ७ बजे | शान्ति भगवति मा.वि. |
| १३ | आधाभूत तह ८०० मि. दौड | छात्र र छात्रा | १/१ | ०७।१९ | ७ बजे | गंगेचोक |

कराते तर्फका खेलहरू:

क) कराते U'४२केजी, U'४७ केजी, U'५२केजी, U'५७केजी, U'६२केजी,काता एकल छात्र

ख)कराते U'४०केजी, U'४५ केजी, U'५०केजी, U'५५केजी, U'६०केजी,काता एकल छात्रा

५. कार्यक्रम उद्घाटन र समापन कार्यक्रमः उद्घाटन कार्यक्रम श्री शान्ति भगवति माध्यमिक विद्यालय, लेटाङ-४, मोरङ, २०८३।०७।१७ गते विहान १० बजे, समापन कार्यक्रम श्री शान्ति भगवति माध्यमिक विद्यालय, लेटाङ-४, मोरङ, २०८३।०७।१९ गते दिउसो १ बजे।

६. सहभागी विद्यालयहरुले दिर्देशिकामा भएका अतिरिक्त पालना गर्नुपर्ने शर्त तथा नियमहरूः प्रतियोगितामा सहभागी खेलाडीहरुले निर्देशिकामा उल्लेख गरिएको बाहेक पालना गर्नुपर्ने नियमहरू

क) २०६५ चैत्र ३० गते भन्दा पछाडी जन्म भएकाले आवश्यक कागजात जन्म दर्ता/इमिस नं. को आधारमा मात्र खेलमा सहभागी हुन पाउने,

ख) निर्देशिका विपरितका खेलाडी कुनै विद्यालयले समावेश गरेको पाइएमा उक्त विघलयलाई २ वर्ष सम्मको लागि सबै खेलबाट वञ्चित गर्ने,

ग) २०८३ कार्तिक १३ गते ४ बजे भन्दा पछाडि दर्ताको लागि आएको विद्यालयलाई दर्ता गरिने छैन,

घ) नाम दर्ता गराइसकेपछि पुनःखेलाडीको नाम फेरबदल गराउन पाइने छैन,

ङ) टाइसिट निर्माणको समयमा कुनै विद्यालयको प्रतिनिधि अनुपस्थित भएमा उपस्थित व्यक्तिहरुले निर्माण गरेको टाइसिट मान्य हुने छ,

च) निर्धारित समयमा खेल मैदानमा खेलाडी उपस्थित नभएए उपस्थित भएका खेलाडीहरूको खेल संञ्चालन गरिने छ,

छ) आयोजकले प्राथमिक उपचार बाहेकको कुनै उपचार गर्ने छैन,

ज) खेल अवधिमा कुनै खेलाडीले अनुशासनहीन गतिविधि गरेमा सम्वन्धित खेलाडी/टीमलाई निश्कासन गरिने छ,

झ) खेलमा कुनै विवाद भएमा आयोजक कमिटीको निर्णय मान्य हुनेछ,

ञ) पहाडी क्षेत्रका विद्यालयहरू क्रमश साग्मा मा.वि., भोगटेनी मा.वि., महेन्द्र मा.वि. र लक्ष्मी मा.वि. लेटाङ ७ लाई सामुहिक खेल सहभागि दर्ता गराइ खेलाए बापत प्रति विद्यालय रू.५०००।०० सहयोग रकम उपलब्ध गराउने।

पुनश्चः Soft copy Excel Sheet को लागि education.letangmun@gmail.com इमेल प्रयोग गर्नुहोला।

थप सम्पर्कका लागि ९८५२०७५३१३, ९८४२१७८५२२, ९८४२२७४५५७

संजिता खनाल
शिक्षा अधिकृत आठौं

वोधार्थ

श्री शान्ति भगवति माध्यमिक विद्यालय, लेटाङ नगरपालिका। (कार्यक्रम आयोजना व्यवस्थापन गर्नहुन)

श्री लेटाङ नगर प्याब्सन, लेटाङ नगरपालिका। (समन्वय गरिदिनुहुन)

श्री सूचना प्रविधि शाखा, लेटाङ नगरपालिका। (वेबसाइटमा राखिदिनुहुन)